२१

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

भरतपुर, चितवन

पत्र संख्या:२०८१।०८२
चलानी नम्बर: ९८६

मिति:२०८१।०७।१३

विषयः सूचना पठाईएको बारे।

श्री

भरतपुर महानगरपालिका, चितवन,
रत्ननगर नगरपालिका, चितवन,
कालिका नगरपालिका, चितवन,
ईच्छाकामना गाउँपालिका, चितवन।
राप्ती नगरपालिका, चितवन,
माडी नगरपालिका, चितवन,
खैरनी नगरपालिका, चितवन,

उपरोक्त सम्वन्धमा, यस कार्यालयको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न कार्यक्रमको सूचनाहरु प्रकाशन गरिको हुदा तँहा जानकारीको लागि यसै पत्र साथ पठाईएको व्यहोरा अनुरोध छ।

२०८१/०८/१२

झलकनाथ कँडेल
प्रमुख

झलकनाथ कँडेल
प्रमुख
अधिकृतस्तर (दशौं)

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. ४६४६
दर्ता मिति: ०८।१४

फोन नं. ०५६-४९३११५
ईमेल: akechitwan@gmail.com

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं: ०५६-४९३११५
Email: akcchitwan@gmail.com,
Web: www.chitwan.akc.gov.np,

# कृषि विकास कार्यालय

भरतपुर, चितवन

## कृषि उद्यमशिलता/मूल्य श्रृंखला विकास/मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रममा सहभागिताको लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धी सूचना

सूचना नं. ३/०८१/८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१३

कृषि विकास कार्यालय, चितवनको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस कार्यालयको कार्यक्षेत्र (चितवन र मकवानपुर जिल्ला) भित्रका इच्छुक योग्य आवेदकले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८१/०८/०३) कार्यालय समयभित्र देहाय बमोजिमका कागजातहरु संलग्न गरी सम्बन्धित कार्यविधि को अनुसूची-२ अनुसारको निवेदन र अनुसूची-३ अनुसारको प्रस्ताव-पत्र तयार गरी कृषि विकास कार्यालय, भरतपुर, चितवन वा कार्यालयको सेवा केन्द्र हेटौंडा, मकवानपुरमा दर्ता गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल:

| क्र.स. | कार्यक्रमको नाम | लक्षित लाभग्राही वा आवेदक | परिमाण | जम्मा बजेट (रु. लाखमा) | कार्यविधि | न्यूनतम शर्त एवं मापदण्ड |
|---|---|---|---|---|---|---|
| १ | कृषि उद्यमशिलता विकास कार्यक्रम | निजी कृषि फर्म/कृषि कम्पनी/कृषि उद्यमी | २३ | ४६ | कृषि उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ | उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यविधिको दफा ७ बमोजिमको कुनै क्रियाकलापहरु संचालन गर्नुपर्ने । |
| २ | कृषि उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम (बाली उत्पादनोपरान्त तथा बजारीकरण सहयोग) | कृषक समूह, कृषि सहकारी, कृषि कार्य गर्ने बहुउद्देश्यीय सहकारी र निजी कृषि फर्म | १ | १० | कृषि, पशुपन्छी तथा मत्स्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | कृषि उपजहरुको उत्पादन विविधिकरण, संकलन, प्रशोधन, भण्डारण तथा वजारीकरण सम्बन्धी क्रियाकलापहरु संचालन गर्नुपर्ने । |
| ३ | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | आर्थिक रुपले विपन्न, अल्पसंख्यक, सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडीएका जातजाती सम्मिलित कृषक समूह, कृषि सहकारी र कृषि फर्म | ३० | ३० | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | कार्यविधिमा उल्लेख भए बमोजिम |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

फोन नं: ०५६-४९३११५
Email: akcchitwan@gmail.com,
Web: www.chitwan.akc.gov.np,

भरतपुर, चितवन

<u>आवेदन/प्रस्तावपत्र पेश गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु</u>

- रु. १० को हुलाक टिकट टाँस गरेको अनुसूची-२ अनुसारको निवेदन र अनुसूची-३ अनुसारको प्रस्ताव-पत्र ।
- कृषि बाली/वस्तु उत्पादन सम्बन्धि तथ्याङ्क फारम
- संस्था दर्ता, नविकरण, पान/भ्याट र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कृषि उद्यम, व्यवसाय वा कृषि कम्पनीको हकमा सम्बन्धित निकायमा दर्ता/नविकरण/अनुमति लिएको प्रमाणपत्र ।
- सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्धक पत्र वा विनियम/संस्थाको उद्देश्य खुलेको कागजात ।
- कार्यक्रम माग, संचालन र अख्तियार प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थागत निर्णयको छायाँकपि ।
- खेति गर्ने तथा संरचना निर्माण गर्ने जग्गाको लालपुर्जा वा कम्तिमा ५ वर्षको जग्गा भाडा सम्झौतापत्रको प्रतिलिपि ।
- स्थायी प्रकृतिको संरक्षित संरचना निर्माणको लागि कम्तीमा १० वर्षको करार सम्झौतापत्रको प्रतिलिपि ।
- संकलन/ प्रशोधन/ भण्डारण/ बजारीकरणमा मात्र संलग्न आवेदकको हकमा उत्पादकसँगको खरिद बिक्री सम्झौता ।
- प्रस्तावमा उल्लिखित सोही कार्यको लागि अन्य सरकारी तथा गैरसरकारी निकायबाट सहयोग लिए/नलिएको स्व-घोषणा।
- सम्बन्धित स्थानीय तहको कृषि विकास शाखा वा वडाको सिफारिस पत्र ।
- <u>मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम</u>को हकमा आर्थिक रुपले विपन्न, अल्पसंख्यक, सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडीएका जातजाती खुल्ने परिचयपत्रको प्रतिलिपि वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/ स्थानीय तह/ वडाको सिफारिस ।
- <u>मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम</u>को हकमा आवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको भनि सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।

<u>पुनश्च:</u> माथि उल्लिखित कार्यविधिहरु यस कार्यालयको वेभसाइट https://chitwan.akc.gov.np/ बाट प्राप्त गर्न सक्नुहुन्छ ।

२०७९/०६/१२
अलकनाथ कंडेल
प्रमुख
अधिकृतस्तर (दशौं)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय
भरतपुर, चितवन

फोन नं: ०५६-४९३११५
Email: akcchitwan@gmail.com,
Web: www.chitwan.akc.gov.np,

## कृषि विकास कार्यक्रममा सहभागिताको लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धी सूचना

सूचना नं. २/०८१/८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१३

कृषि विकास कार्यालय, चितवनको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कृषि विकास कार्यक्रमहरु "एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" बमोजिम लागत साझेदारीमा संचालन गर्न यस कार्यालयको कार्यक्षेत्र (चितवन र मकवानपुर जिल्ला) भित्रका इच्छुक कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी संस्था, निजी कृषि फर्म र कृषि कम्पनिहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८१/०८/०३) कार्यालय समयभित्र देहाय बमोजिमका कागजातहरु सहितको निवेदन र कार्यविधि को अनुसूची-४ अनुसारको प्रस्ताव-पत्र तयार गरी कृषि विकास कार्यालय, भरतपुर, चितवन वा कार्यालयको सेवा केन्द्र हेटौंडा, मकवानपुरमा दर्ता गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | जम्मा बजेट (रु. लाखमा) | न्यूनतम शर्त एवं मापदण्ड |
|---|---|---|---|---|---|
| १ | साना सिंचाई निर्माण कार्यक्रम | संख्या | ३० | ९० | कार्यविधिमा उल्लेख भए बमोजिम |
| २ | बाँझो खेतमा साना सिंचाइ कार्यक्रम | संख्या | ३ | ९ | कार्यविधिमा उल्लेख भए बमोजिम |
| ३ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४० | ८० | न्युनतम १.५ हेक्टर मा व्यवसायिक खेती/संरक्षित संरचनामा न्युनतम १ रोपनी |
| ४ | चैते धानवाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४५ | ४५ | न्युनतम ३ हेक्टर/प्रति सदस्य २ रोपनी |
| ५ | मसिनो धान प्रवर्द्धन कार्यक्रम | हेक्टर | २५ | २५ | न्युनतम ३ हेक्टर/प्रति सदस्य २ रोपनी |
| ६ | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | २० | २० | न्युनतम ३ हेक्टर/प्रति सदस्य २ रोपनी |
| ७ | लसुन प्याज प्रवर्द्धन कार्यक्रम | हेक्टर | २० | २० | न्युनतम १ हेक्टरमा व्यवसायिक खेती |
| ८ | पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५ | १० | सयपत्रीः१ हेक्टर , कट फ्लावरः २ रोपनी |
| ९ | संरक्षित संरचनामा गोलभेडा खेती प्रवर्द्धन कार्यक्रम | संख्या | ६ | ४२ | न्युनतम १ रोपनीमा खेती गर्नुपर्ने |
| १० | संरक्षित संरचनामा उच्चमुल्य बाली (स्ट्रवेरी लगायत अन्य बाली) प्रवर्द्धन कार्यक्रम | संख्या | २ | ३० | न्युनतम १ रोपनीमा खेती गर्नुपर्ने |
| ११ | गोठेमल/भकारो सुधार कार्यक्रम | संख्या | ५० | १२.५ | प्रति क्लष्टर १० वटा भकारो सुधार गर्न इच्छुक कृषक समुह/कृषि सहकारी |

वागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

फोन नं: ०५६-४९३११५
Email: akcchitwan@gmail.com,
Web: www.chitwan.akc.gov.np,
भरतपुर, चितवन

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | जम्मा बजेट (रु. लाखमा) | न्यूनतम शर्त एवं मापदण्ड |
|---|---|---|---|---|---|
| १२ | स्मार्ट एग्रिकल्चर प्रविधि अवलम्वन सहयोग कार्यक्रम | संख्या | २ | २० | आवेदक: व्यवसायिक तरकारी खेतिमा संलग्न निजी कृषि फर्महरु। खुला जमीनमा न्युनतम ३ रोपनी र संरक्षित संरचनामा न्युनतम १८० वर्ग मिटर |
| १३ | सामुहिक खेती कार्यक्रम (नयाँ) | पटक | २ | २० | कार्यविधिमा उल्लेख भए बमोजिम |
| १४ | प्राङ्गारिक मल वितरण कार्यक्रम | मे.टन. | १०० | १० | नेपालमा उत्पादित प्राङ्गारिक मलमा प्रति के.जी. रु. १० अनुदान उपलब्ध । |
| १५ | नेपाल मौरीपालन महासंघसँगको सहकार्यमा मह संकलन केन्द्र स्थापना (८० प्रतिशत सहयोग) | संख्या | १ | ५० | कार्यविधिमा उल्लेख भए बमोजिम |

**आवेदन/प्रस्तावपत्र पेश गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

- रु. १० को हुलाक टिकट टाँस गरेको निवेदन र कार्यविधि को अनुसूची-४ अनुसारको प्रस्ताव-पत्र ।
- कृषि बाली/वस्तु उत्पादन सम्बन्धि तथ्याङ्क फारम
- संस्था दर्ता, नविकरण, पान/भ्याट र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्धक पत्र वा विनियम/संस्थाको उद्देश्य खुलेको कागजात ।
- कार्यक्रम माग, संचालन र अख्तियार प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थागत निर्णयको छायाँकपि ।
- खेति गर्ने तथा संरचना निर्माण गर्ने जग्गाको लालपुर्जा वा कम्तिमा ५ वर्षको जग्गा भाडा सम्झौतापत्रको प्रतिलिपि ।
- स्थायी प्रकृतिको संरक्षित संरचना निर्माणको लागि कम्तीमा १० वर्षको करार सम्झौतापत्रको प्रतिलिपि ।
- सम्झौता बमोजिम कार्यसम्पादन गर्ने र लागत साझेदारी बापतको रकम लगानी गर्ने निर्णय सहितको प्रतिबद्धतापत्र ।
- प्रस्तावमा उल्लिखित सोही कार्यको लागि अन्य सरकारी तथा गैरसरकारी निकायबाट सहयोग लिए/नलिएको स्व-घोषणा।
- सम्बन्धित स्थानीय तहको कृषि विकास शाखा वा वडाको सिफारिस पत्र ।

<u>पुनश्च:</u> एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ यस कार्यालयको वेभसाइट https://chitwan.akc.gov.np/ वाट प्राप्त गर्न सक्नुहुन्छ ।

२०८१/०८/१५

अलकनाथ कंडेल
प्रमुख
अधिकृतस्तर (